# नेपाल राष्ट्र बैंक

## मुद्रा व्यवस्थापन विभाग

### टक्सार महाशाखा

## रुपैयाँ २ दरको सिक्का प्रचलनमा ल्याउने बारेको सूचना

यस बैंकले साविककै आकार तथा सुनौलो रङ्गमा टकमरी गरिएको साल २०७७ लेखिएको निम्न विशेषताहरू रहेको रुपैयाँ २ दरको सिक्का मिति २०७८/०९/३० देखि चलनचल्तीमा ल्याउने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) **सिक्काको अग्र भागमा :-**

१. सिक्काको वृत्ताकार घेराभित्र वरीपरी चौसठ्ठी वटा थोप्लाहरू रहेको ।

२. सिक्काको माथिल्लो भागमा अंग्रेजीमा **Rs. Two** र तल्लो भागमा देवनागरी लिपिमा **२ रुपैयाँ** लेखिएको ।




३. सिक्काको बीच भागमा सात प्रदेशसहितको नेपालको नक्सा रहेको ।

४. नेपालको नक्साको ठिक माथिपट्टि दायाँतर्फ फरक क्षमता भएका (दृष्टिविहीन) हरूले स्पर्श गरेर सिक्काको दर पहिचान गर्न सक्ने दुई वटा थोप्ला रहेको ।

(ख) **सिक्काको पृष्ठ भागमा :-**

१. सिक्काको वृत्ताकार घेराभित्र वरीपरी चौसठ्ठी वटा थोप्ला रहेको ।

२. आठ थोप्ला सहितको वृत्ताकार चित्र रही सो भित्र वर्गाकार आकृतिको बाहिरपट्टि वरिपरी चन्द्र, सूर्य, चक्र, शङ्ख, पद्म, गदाको आकृति रहेको ।




३. सिक्काको बीच भागमा जानकी मन्दिरको आकृति रहेको र सो आकृतिको मुनि देवनागरी लिपिमा **जानकी मन्दिर** लेखिएको ।

४. सिक्काको माथिल्लो भागमा देवनागरी लिपिमा **नेपाल** र तल्लो भागमा **२०७७** लेखिएको ।

मिति: २०७८ पुस ३०, शुक्रबार